## सूचना

घर भाडामा दिंदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# दर्शन

दैनिक

Darshan Daily



OPTICAL FIBER BROADBAND
Enjoy the
CABLE INTERNET

For more pls contacts:
NEPAL NET SANCHAR
Head Office :
Hanumandas Road, Biratnagar-8
Tel: 537000, URL: www.nns.com.np
Branch Office :
Itahari, Purwaline, Tel: 025-581191



वर्ष : १८ अंक : २०० २०७७ भदौ २६ गते शुक्रबार FRIDAY, 11 SEPTEMBER 2020) विराटनगर मूल्य रू. ५।-


## कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि पालिकाहरुलाई रकम थप




विराटनगर, २५ भदौ । प्रदेश १ सरकारले कोरोना रोकथाम, नियन्त्रण र उपचारको व्यवस्था मिलाउनको लागि स्थानीय पालिकाहरुलाई थप रकम उपलब्ध गराएको छ ।

प्रदेश सरकारले स्थापना गरेको कोरोना जनसुरक्षा कोषबाट आइसोलेशन केन्द्र स्थापना तथा संचालनको लागि स्थानीय पालिका, जिल्ला अस्पताल, प्रशासनलगायतलाई आवश्यक रकम पठाएको हो ।

विभिन्न पालिका तथा अस्पतालहरुलाई प्रदेश सरकारले १ करोड १० लाख रकम पठाएको छ ।

मोरङका सुनवर्षी नगरपालिका, रतुवामाई नगरपालिकालाई १०-१० लाख, धनपालथान गाउँपालिका, जहदा र कटहरी गाउँपालिकालाई ५-५ लाखका दरले आइसोलेसन केन्द्र स्थापना र संचालनका लागि रकम पठाएको हो ।

त्यस्तै चौदण्डीगढी नगरपालिकालाई१० लाख, गौरीगञ्ज र कमल गाउँपालिकालाई ५-५ लाख रकम प्रदेश सरकारले पठाएको छ।

इलाम अस्पताललाई १० लाख, उदयपुर अस्पतालाई १५ लाख, झुम्का कारागारलाई १० लाख रकम पठाएको छ । सुनसरी जिल्लाको क्वारेन्टिन, आइसोलेसन र होल्डिङ्ग सेन्टरको व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय सुनसरीलाई १० लाख र प्रदेश प्रहरी कार्यालय परिसर भित्रको आइसोलेशन व्यवस्थापनका लागि प्रदेश प्रहरी कार्यालयलाई १० लाख रकम प्रदेश सरकारले कोरोना जनसुरक्षा कोषबाट उपलब्ध गराएको हो ।

स्थानीय पालिकाहरुको आवश्यकता र मागबमोजिक प्रदेश सरकारले आवश्यक रकम उपलब्ध गराउँदै आएको मुख्यमन्त्री शेरधन राईले बताउनुभयो । कोभिड महामारीलाई पराजित गर्न तीनै तहका सरकारबीच आवश्यक समन्वय र सहकार्य रहेको उहाँको भनाई छ ।

## प्रदेश १ मा ८६ संक्रमित थपिए

विराटनगर, २५ भदौ । प्रदेश १ मा बिहीबार ८६ जना कोरोना संक्रमित थपिएका छन् ।

सुनसरीमा २३, संखुवासभामा २२, मोरङमा १६, झापामा १२, पााचथरमा ४, भोजपुरमा ३, उदयपुर, इलाम र प्रदेश १ बाहिरका २-२ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सुनसरीको इटहरीमा ८ महिला ६ पुरुष, दुहवीमा १ महिला ३ पुरुष, बराहक्षेत्रमा ३ पुरुष, धरान र बर्जुमा १-१ पुरुष, संखुवासभाको खाादबारीमा २० पुरुष, सिलिचोङमा १ पुरुष, चिलिलामा १ महिला, मोरङको विराटनगरमा २ महिला ४ पुरुष, रतुवामाईमा ३ महिला २ पुरुष, पथरीशनिश्चरेमा १ महिला १ पुरुष, कटहरी र सुनबर्षीमा १-१ पुरुष र रंगेलीमा १ महिलाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

उता झापाको शिवसताक्षीमा २ महिला ५ पुरुष, कमल गाउापालिका र बाह्रदशीमा १-१ पुरुष, दमकमा १ महिला र स्थानीय तह नखुलेका २ पुरुष, पााचथरको फिदिममा २ पुरुष, मिक्लाजुङमा १ पुरुष, फालेलुङमा १ महिला, भोजपुरको ट्याम्केमैयुङ, भोजपुर र षडानन्दमा १-१ पुरुष, उदयपुरको त्रियुगामा २ पुरुष, इलामको चुलाचुलीमा १ महिला १ पुरुष र प्रदेश १ बाहिरका १ महिला १ पुरुषमा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या ४ हजार ४ सय ९८ पुगेको छ ।

प्रदेश १ मा बिहीबार ५ जना डिस्चार्ज भएका छन् । हालसम्म डिस्चार्ज हुनेको संख्या १ हजार ९ सय ५३ पुगेको छ ।

प्रदेश १ मा बिहीबार १ हजार ५ सय ११ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये २३ महिला र ६३ पुरुषको रिपोर्ट पोजेटिभ आएको छ । हालसम्म १ लाख ४ हजार ८ सय ४४ जनाको पीसीआर परीक्षण गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## राष्ट्रिय जनगणनाको तयारी हुँदै

काठमाडौं, २५ भदौ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रिय जनगणना, २०७८ को तयारी भइरहेको छ । नेपालमा सर्वप्रथम विसं १९६८ सालमा शुरु भएको यो जनगणना वि.सं. २०७८ सालमा हुने जनगणना नेपालको १२ औं राष्ट्रिय जनगणना हो ।

२०७८ को तयारीस्वरुप मकवानपुरमा नमूना जनगणना गत असारमा सम्पन्न भएको छ ।

कोरोना भाइरसको प्रकोपका कारण २०७६ चैतमा सम्पन्न हुने नमूना जनगणना असारमा सकिएको हो । नमूनाका लागि मकवानपुरको चार स्थानलाई गणना क्षेत्र मानेर जनगणना भएको जिल्ला तथ्याङ्क कार्यालय मकवानपुरका तथ्याङ्क अधिकृत राजेश दासले जानकारी दिए ।

मकवानपुरको हेटौडा उपमहानगरपालिकाको वडा नम्बर ४ र ९ मा, थाहा नगरपालिकाको २ नम्बर वडामा र इन्द्रसरोवर गाउँपालिकाको ५ नम्बर वडामा नमूना जनगणना भएको थियो । एक सुपरिवेक्षकसहित चार गणकद्वारा चार गणना क्षेत्रका ६३८ घरको जनगणना भएको थियो । असारमा भएको नमूना जनगणनामा मकवानपुरको तथ्याङ्क ६५ प्रतिशत मात्र आएको अधिकृत दासले बताए । कोभिड-१९ को अवस्थामा भएको नमूना जनगणनामा सबै तथ्याङ्क आउन नसेकेको बताइएको छ ।

कार्यालयका अनुसार 'मेरो गणना, मेरो सहभागिता' नारासहित राष्ट्रिय जनगणना आगामी


▶▶ बाँकी तीन पृष्ठमा


## अकूत सम्पत्ति कमाएको अभियोगमा मुद्दा

काठमाडौं, २५ भदौ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पदीय दुरुपयोग गरी गैरकानूनी तवरले १६ करोड ७२ लाख ५६ हजार ४ सय ९६ बराबरको सम्पत्ति कमाएको अभियोगमा संघीय आयोजना कार्यान्वयन एकाई विराटनगरका तत्कालीन इन्जिनियर काशीप्रसाद गुप्तासहित १३ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोजनाका प्रवक्ता तारानाथ अधिकारीका अनुसार २०३८ पुस १२ गते ओभरसियर पदबाट सरकारी सेवा प्रवेश गरेका गुप्ताले २०७६ असार ५ गतेसम्म पदमा बहाल रहँदासम्म गैरकानुनी तवरले सम्पत्ति आर्जन गरेको अनुसन्धानबाट खुलेकाले बिहीबार विशेष अदालतमा मुद्दा


▶▶ बाँकी अन्तिम पृष्ठमा


## उद्योगले धमाधम मजदुर कटौती गर्न थाले

विराटनगर, २५ भदौ । उद्योगले धमाधम मजदुर कटौती गर्न थालेका छन् ।

कोरोना संक्रमणसागै उद्योग व्यवसायको उत्पादन घटेको भन्दै उनीहरुले मजदुर कटौती गर्न हालेका हुन् ।

उत्पादित सामानको बिक्री पनि हुन छाडेको छ । माग नै कम भएपछि अधिकांश उद्योगले उत्पादन २५ प्रतिशतमा झारेका छन् । महामारीमा खाद्यान्न बाहेकका उद्योग प्रभावित छन ।

उत्पादित बस्तुको माग पुरानै अवस्थामा फर्किने निश्चितता नभएपछि उद्योगले धमाधम मजदुर कटौती गर्न थालेका छन । सुनसरी-मोरङ औद्योगिक क्षेत्रका निर्माण सामग्री उत्पादन गर्ने उद्योगले उत्पादन र मजदुर धमाधम कटौती गर्न थालेका छन । देशभरि भइरहेको लकडाउन र निषेधाज्ञाका कारण बिक्रीमा कमी आएपछि उद्योगले



मजदुर कटौती गर्न थालेका हुन ।

मोरङ व्यापार संघका पूर्व अध्यक्ष एवं प्रिमियर वायरका संचालक पवनकुमार शारडाले उद्योगले यही हप्ता ३० प्रतिशत मजदुर कटौती गरेको बताउनुभयो । शारडाले उत्पादित सामग्री बिक्री नभएर गोदाम भरिएको र बााकी उत्पादन राख्ने ठाउा नभएको स्पष्ट पार्दै बिक्री हुने मुख्य ठाउा काठमाडौंकै बजार शिथिल हुादा उत्पादन र मजदुर कटौती गर्नुपरेको बताउनुभयो ।

हुलास वायर इण्डस्ट्रिजका महाप्रबन्धक मुकेश कोठारीले फलामे तार, तारजाली र डन्डीलगायत उद्योगका सबै उत्पादनको बिक्री घटेको हुादा ४० प्रतिशत मजदुर कटौती गरिएको जनाउनुभयो । महालक्ष्मी केबलका संचालक गिरीश लुनियााले उद्योगले ५० प्रतिशत मजदुरलाई तत्कालका लागि बिदा दिएको बताउनुभयो ।

## प्लाज्माथेरापीको लागि रक्त संकलन शुरू

काठमाडौं, २५ भदौ । नेपाल रेडक्रस सोसाइटीले कोरोना भाइरस संक्रमितको उपचार सहयोगार्थ प्लाज्मा थेरापीको लागि रगत संकलन शुरु गरेको छ ।

बुधबार केन्द्रीय कार्यालयमा ३९ वर्षका खिमबहादुर रानाभाटले प्लाज्मा थेरापीका लागि पहिलो रक्तदान गरेका थिए । रानाभाट कोरोना संक्रमणबाट निको भएका थिए । आफूले पहिले कहिल्यै रक्तदान नगरेको तर निको भएपछि आफ्नो रगतले अरु संक्रमितलाई सहयोग पुग्छ भन्ने थाहा पाएपछि रक्तदान गर्न आएको बताएका थिए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अनुरोध बमोजिम विभिन्न संस्थाहरुसँगको सहकार्यमा रेडक्रसले यो सेवा थालेको केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक डा. मनिता राजकर्णिकारले बताए । रेडक्रस


▶▶ बाँकी अन्तिम पृष्ठमा



रोगको समयमै उपचार गर्नु पर्दछ । उपचारको लागि धामी झाँक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


प्रा. लि. दर्ता नं. [illegible] क. र. का.

०२१-[illegible](R)
मो. [illegible]

अर्जुनदृष्टि सेक्युरिटी सर्भिसेज प्रा. लि.
Arjundristi Security Services Pvt. Ltd.
प्रदेश नं.-१, विराटनगर, मोरङ (नेपाल)
Head Office, Biratnagar (Nepal)

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :- ९०५
मिति: २०७७/०५/२५

Email-trghimire3@gmail.com

श्रीमान अध्यक्षज्यू,
बिराटनगर जुट मिल ।

### विषयः सेक्युरिटी गार्ड हटाईने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा ताहा जुट मिलको चं.न ११५ मिति २०७६।०९।२७ गतेको पत्रअनुसार यस प्रा.लि बाट ताहा जुट मिलमा खटाइएका सुरक्षा गार्डहरुको अवधि ०७७ श्रावण मसान्तसम्ममा सकिने भएकोले गार्ड हटाउन अनुरोध गर्दा ०७७ भाद्र महिनाभरि राखिदिनु म पैसा दिन्छु भनि भनेको तर उक्त जुट मिलले हालसम्मको रकम रु १९,५६,०००।- (उन्नाईस लाख छपन्न हजार) दिन बाँकी रहेको यति लामो समयसम्म यत्रो धेरै रकम नदिई ओलझोल ललाई फकाई तथा धम्की दिनेसमेत गरेको र पैसा दिनतर्फ समेत चासो नदिएको हुँदा र मेरो सम्झौता अवधीसमेत समाप्त भइसकेकोले २०७७ असोज १ गतेबाट ताहा जुट मिलमा यस प्रा.लि बाट सुरक्षा गार्ड नखटाइने हुँदा जानकारीको लागि अनुरोध गरिएको छ।

**बोधार्थः**

श्रीमान मन्त्रीज्यू, आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश न. १ बिराटनगर ।
श्रीमान मन्त्री ज्यू, सामाजिक बिकास मन्त्रालय प्रदेश न. १ बिराटनगर ।
श्रीमान मन्त्री ज्यू, उद्योग मन्त्रालय प्रदेश न.१ बिराटनगर ।
श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला प्रशासन कार्यालय मोरङ ।
श्रीमान वरिष्ठ श्रम अधिकृतज्यू, श्रम तथा रोजगार कार्यालय बिराटनगर ।
श्रीमान प्रहरी उपरीक्षकज्यू, जिल्ला प्रहरी कार्यालय मोरङ ।
श्रीमान प्रहरी निरीक्षकज्यू, ईलाका प्रहरी कार्यालय रानी बिराटनगर ।

प्रमुख व्यवस्थापक
तिर्थराज घिमिरे

## सम्पादकीय

# नेपालको वास्तविकता, मौलिकतालाई विवादमा नपरौं

कुनै पनि विषय काम गर्ने मानिसमा भर पर्दछ । मानिस संस्कारयुक्त, सामाजिक संस्कार भएको केहिहदसम्म व्यवहारिक ज्ञान भएको केहि गरौं भन्ने भावनाको भए ईमान्दार, लगनशील, दृढ सकल्पित, स्वच्छ, निष्पक्ष पारदर्शी, परिणाममुखी, त्यागको भावना भएको ईच्छाशक्ति भएको राष्ट्र र जनतालाई केन्द्र विन्दुमा राखेर अघि बढ्ने भए जे पनि हुने आम भनाई छ ।

साथै केहि अध्ययन भएको, चिन्तन, मनन्, निर्णय गर्न सक्ने हुनु पर्छ । नेपाल हिमाल, पहाड धेरै भएको मुलुक हो । साथै वन–जंगल त्यतिकै मात्रामा नभएका भने होइन । त्यसको सदुपयोग संस्क्षण भने कतैबाट हुन नसकेको त्यसको स्थिति हेर्दा प्रष्ट हुने सबैको भनाई छ ।

यहाँ प्राय सबै भगवानको वास स्थान भएको यसका जानकारहरु बताउछन् । भगवान बसेका कतिपय ठाउँमा प्रमाण, भग्नावेशका साथै अन्य प्रमाण पनि नभएको होइन । यीनको समयसापेक्ष, समयमा नै प्रचार–प्रसार हुन नसकेकाले ओभेलमा परेकाले त्यसको हुवहु बनाए र विवादमा पर्न गएका अन्य देखाई रहेकाछन् । उदाहरणका लागि बुद्ध भारतमा जन्मेका भन्ने केहि बर्ष अघि ज्यादै चर्चा गरिएको थियो । त्यसमा अनेक वहस अनुसन्धान, प्रमाणको खोजी भएर पत्ता लागेपछि तयो हाल बन्द भएको सबैका सामु नै छ ।

त्यस्तै पछिल्लो समयमा अयोध्या, रामको जन्म भारत नै भएको भन्ने पनि चर्चा भारतमा नै चलाईयो । यसको पनि उतैबाट पनि अनुसन्धानकर्ता, खोजकार्य आएर केहि प्रमाण फेला पेपछि र उनीहरुले भन्दै आएको सीतालाई विवाह गर्न अयोध्या पुरीबाट राम नेपालको जनकपुर आएको र त्यसै दिन फर्केको भन्ने भनाईबाट पनि यो पुष्टि हुन्छ कि राम पनि नेपालमा नै जन्मेको भन्नेमा पुगेका छन् । अयोध्यापुरी भनेको लखनउको आसपासमा भएको जो जनकपुरबाट ६/७ सय किलोमिटर छ । त्यहाँबाट आएर विवाह गरेर फेरि त्यही पुगे भन्ने असंभव हो, त्यसैले पनि राम नेपालमै जन्मेका हुन भन्ने पुष्ट छ ।

साथै नेपाललाई तीर्थस्थलै तीर्थस्थल भएको मुलुक भनेर भन्ने गरिन्छ । नेपालको धार्मिक स्थलको यस क्षेत्रमा लागेकाले प्रचार–प्रसार गर्न नसकेको यी सबैको ज्ञान नभएकाले सबै तिर्थ गर्न भारत नै जाने संस्कार मौलाईरहेको छ । कर्मकाण्डी, पुरोहितहरु नै तिर्थस्थल भारत घुमाएर ल्याउने व्यवसाय नै गरिरेहका छन् ।

नेपालको धार्मिक स्थल नै वास्तविक हो, मौलिक हो भन्न भरखर मात्र थालिएको आम भनाई छ ।

नेपालको वास्तविकता मौलिकतालाई विवादमा नपारौं ।

# विनास निम्त्याउने विकास

**विजय हितान**

सामाजिक सञ्जालमा भाइरल भएको दैलेखको महाबु गाउँपालिका-४ गीता चौरमा निर्माण गरिएको सडक ।

यो बर्ष बाढी पहिरोका घटना मिडिया तथा सामाजिक सञ्जालमा दरदर्ती छाए । यस्ता प्राकृतिक विपत नेपालका लागि नौलो होइन । पूर्खाहरू यसका भुक्तभोगी थिए । यो प्रविधियुक्त परिवेश र भुमण्डलीकरणको युगमा हामी पनि यसबाट जोगिन सकेका छैनौं ।

पहाडी इलाकामा निर्माणाधीन तथा निर्मित सडकले बाढिपहिरोको जोखिमलाई प्रवर्द्धन गरेको देखिन्छ । बाटोघाटो विकासको माध्यम हुन् । बिडम्बना ! यी सडकहरूले विकासभन्दा पहिला विनाश भित्र्याउँदै गरेको हिजोआजका घटनाले दर्शाउँछ ।

विकासभन्दा महत्वपूर्ण कुरा सुरक्षित जीवन हो । जनताका ज्यान भलले बगाएर, माटोले पुरेर ल्याइएको विकास कसैलाई मान्य छैन । वन्यजन्तुका बासस्थान र मानव घरबारलाई जोखिममा पारेर गरिएको विकास कदापि दिगो हुन सक्दैन ।

विकास भनेर अवैज्ञानीक तरिकाले हतार-हतार सडक बनाउनु अज्ञानता हो । सडक मार्गको कारणले भविश्यमा गाउँलेहरूले सुखभोग गर्न पाउलान्, तर भावी सन्ततिलाई सुख दिलाउने नाममा वर्तमान पिँढीले सास्ती खेप्न पटक्कै हुन्न ।

हाम्रा सडकहरू के कति कारणले बाढीपहिरोका कारक बनेका छन् ? समाधानको उपाय के हुनसक्छन् ? यि बिषयमा संक्षिप्त टिप्पणी गर्नु यस लेखको प्रमुख आशय हो ।

बाढीपहिरोको मुल कारक अविरल वर्षा नै हो । डाँडापाखाका प्राकृतिक संरचना खस्कनु, भत्किनु पहिरोका स्वरुप हुन् । जलमार्गमा बहाव बढ्दा र अवरोध पैदा हुँदा बाढी बिनाशकारी बन्छ । सडकहरूले कसरी पहिरोलाई निम्त्याउन सक्छन् भनेर बुझ्नुभन्दा पहिला पहाडी जलाधार क्षेत्रमा बर्षेभरी कसरी संचार हुन्छ, त्यो बुझ्न जरुरी देखिन्छ ।

मनसुनको प्रारम्भिक दिनहरूमा वर्षाको पानी सिधैं जमिनले सोस्छ । यसरी सिचन भएको पानीले भूमिगत जलभण्डारको भरण गर्छ वा भूमिगत दरार भएर नजिकैको खोलानालामा मूल फुटाउँछ ।

जलाधार इलाका वनजङ्गल र घाँसे मैदानले ढाकिएको छ भने वर्षाको पानी, खोलानालासम्म पुग्न पाउँदैन । वनस्पतिका पात, हाँगा र जराका सन्जालले पानीलाई अड्काउँछ । त्यसैगरी वास्पीकरण भएर पानी वायुमण्डलमा उत्सर्जन हुन्छ ।

प्रकाश संश्लेषणद्वारा वनस्पतिले खाना बनाउन पनि पानी प्रयोग हुन्छ । यस्तो प्राकृतिक प्रकृयाले वर्षातको पानीको निश्चित परिमाणलाई स्वत: विलीन गराइदिन्छ । यस्ता विविध कारणले मनसुन सुरुभएको निश्चित अवधिसम्म जमिनको सतहमा पानी नबग्न सक्छ ।

वर्षाको निरन्तरतासँगैं पानीले पूर्ण रुपमा भिजेको कपासको डल्लो जस्तो जमिन पूर्णत: संत्रिप्त बन्छ । अर्थात् जमिनले पानी ग्रहण गर्न सक्ने क्षमतामा ह्रास आउँछ । परिणाम्, जमिनको सतहमा पानी बग्न थाल्छ । भिरालो जमिनमा पानी गतिशील भएर तलतिर बग्दै गर्दा जब यसले खनिएको बाटो भेट्छ, तब बाढी पहिरो निम्त्याउने सम्भावना बढ्छ ।

प्राय: सुख्खा याममा पहाडका फेदीदेखि थाप्लासम्मै डोजरले दुई-तीन मिटर चौडा सडक खनिएको हुन्छ । त्यसैगरी भित्तातिर चार-पाँच मिटर कोपरिएका हुन्छ । भित्ता खन्दा माथि उल्लेखित दरार उदाङ्गति बन्न सक्छन् । त्यस्ता ठाउँमा माटो, बालुवा, ढुङ्गालाई खुकुलो पारेर छाडिन्छ । जब वर्षात निरन्तर हुन थाल्छ, खुकुलो भित्ताहरू बग्न थाल्छन् ।

भेलको घनत्व सङ्लो पानीको भन्दा अधीक हुन्छ । भेलको घनत्वमा बृद्धसंगै गुरुत्वबल बढ्छ । भेल जती तलतिर बग्दै जान्छ, त्यसको गतिमा तीब्रता आउँछ । ढिलो कुदेको भन्दा रफ्तारमा कुदेको गाडीको शक्ति धेरै भएजस्तै तीब्र गतिले ओरालो बगेको भेलमा शक्ति थपिदै जान्छ । त्यस्तो शक्तिशाली भेलले भेटे जति संरचनाहरुलाई ध्वस्त पार्दै पहिरोको रुप लिन्छ । र, मानवीय धनजनको क्षति हुन्छ ।

यसरी सडकको कारणले जानसक्ने पहिरोलाई कसरी न्युन गर्ने त ? सडक खनेर मनसुन आउन अघिनै पिच गरिहाल्नु पर्छ । सडक खनेर पिच नगर्नु भनेको घर बनाएर छत ढलान नगरी राख्नु जस्तै हो । धुले सडकमा तुरुन्तै अलकत्र बिच्छ्याउँदा छुरिले चिरेको मानिसको छातीमा मलमपट्टी बाँधे जस्तै हुन्छ ।

एस्काभेटरले खोस्रेर छाडेको बाटोमा ढलनिकास गरिएको हुँदैन । तसर्थ पिचको साथसाथै भेल तर्काउने नाली पनि खनि हाल्नपर्छ । यसका लागि इन्जिनियर र जलविद्सँग परामर्श गर्न पर्छ । जलविदले वर्षातको प्रगाढताको आधारमा पानीको परीमाण र गतीको आँकलन गर्छन् ।

त्यसैगरी इन्जिनियरले उपयुक्त निर्माण सामग्री प्रयोग गर्दै चाहिने आकार प्रकारको ढल, नजिकैको खोलानालातिर सुरक्षित तरिकाले निस्कासन हुनेगरी बिछ्याउँछन् । सडक खनेर यस्ता अतिरिक्त संरचनाको ब्यवस्था नगर्नु भनेको घर बनाएर भान्साकोठा र पाइखाना नबनाउनु जस्तै हो ।

घर बनाउँदा सर्बप्रथम इन्जिनियरद्वारा नक्सा कोरिन्छ । अनी डकर्मि, सिकर्मी , ईलेक्ट्रिसिएन, प्लम्बर लगायतका प्राविधिक जुटाएर जग, भित्ता र छत बनाएर प्लास्टर, रङरोगन तथा बिजुली-पानी जडान गरिन्छ । सडक निर्माणमा पनि यस्तै होसियारी र विधि अत्यावश्यक हुन्छ ।

यद्यपि, अहिलेको बाढिपहिरो संकट सडक खनाइ कै कारणले मात्र हो भनेर भन्न मिल्दैन । जलवायु परिवर्तनले गर्दा पनि यो प्रकोप बढेको हुन सक्छ । जलवायु परिवर्तनको प्रभावले वर्षाको आकार-प्रकारमा धेरै परिवर्तन आएको छ । छोटो समयावधी भित्र मुसलधारे वर्षा हुन थालेको छ ।

एक महिनामा पर्न पर्ने औसत वर्षा हिजोआज दुइचार दिनमै हुन थालेको छ । कहिलेकाही लामो अवधी सम्म सम्पूर्ण जलाधार क्षेत्रमा निरन्तर वर्षा भैरहन सक्छ । एकदुई बर्ग माइल क्षेत्रमा सघन वर्षाद हुन सक्छ । यसरी वर्षामा देखिने अनियमितता जलवायु परिवर्तनद्वारा सिर्जित प्रभावका उदाहरण हुन् ।

२०७२ को विनासकारी भुकम्प र तत्पश्चातका परकम्पनले भुगर्भमा परेको असर सबैमा बिदितै छ । यसपटक बाढिपहिरोमा संख्यात्मक वृद्धि र अत्यधिक छतीमा त्यो भुकम्प पनि कारक भएको अढ्कल काट्न सजिलै सकिन्छ । पहाडको आवरणमा नदेखिए पनि भित्र भुकम्पले पारिदिएका भङ्गाला र चिराहरू कति हुँदा हुन् कति ।

सडक सिर्जित पहिरोको जोखिमलाई कानुनी तरिकाले पनि न्युन गर्न सकिन्छ । बालुवा, माटो, ढुङ्गायुक्त भेल पैदा भएपछि पहिरो जान्छ । निर्माण कम्पनीले यस्ता भेल उत्पन्न हुन नदिने तौरतरिका अपनाएकै हुनपर्ने वातावरणीय कानुनी व्यबस्था गरेर कडा अनुगमन गर्न नसकिने होइन ।

सडक निर्माण प्रकृयामा केही राम्रा कार्य पनि भएको देखिन्छ । सामाजिक-आर्थिक क्षेत्रमा पर्ने नकारात्मक असर न्यून गर्न ग्रामीण विकासविज्ञलाई नियुक्त गरेको पाइन्छ । पर्यावरणमा पर्ने सम्भावित असरबारे पनि योजनामा उल्लेख भएको देखिन्छ । तर, कार्यान्यन पक्ष अति नै फितलो छ ।

सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन घर बनाउन तयार पारिएको नक्सा जस्तै हो । एक किलोमिटर सडक खन्दा पनि वातावरणीय मूल्याङ्कन तयार पारेर मात्र योजना अगाडि बढाईयो भने विकासका कारण सिर्जना हुने बाढीपहिरो न्युन गर्न सकिन्छ । अन्यथा यसबाट पाइने सास्ती बर्षेपिच्छे बढेर जानेछ । यो सालझैं सडकले विकास होइन, विनास निम्त्याइरहने छ । अनलाइन

> **विकास भनेर अवैज्ञानीक तरिकाले हतार-हतार सडक बनाउनु अज्ञानता हो । सडक मार्गको कारणले भविश्यमा गाउँलेहरूले सुखभोग गर्न पाउलान्, तर भावी सन्ततिलाई सुख दिलाउने नाममा वर्तमान पिँढीले सास्ती खेप्न पटक्कै हुन्न ।**

## तपाईको आज

**मेष:** व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । शुभकार्यको चर्चा चल्नेछ ।

**वृष:** यात्रामा मालसामान हराउन सक्छ । सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिएला । चोटपटकको भयछ सचेत रहनुहोला ।

**मिथुन:** छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहनेछ । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ ।

**कर्कट:** ठीक समयमा सही निर्णय लिन सकिनेछ । कला,साहित्यमा रुचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**सिंह:** आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**कन्या:** प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउनेछ ।

**तुला:** महिला वर्गबाट विशेष सह्योग मिल्नेछ । शत्रु पराजित हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**वृश्चिक:** नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । आर्थिक कारोवारमा सफलता पाइएला ।

**धनु:** रमणीय र सुखद् यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाईसंग समय बित्नेछ ।

**मकर:** मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । स्वास्थ्यमा समस्या आउनेछ । सरकारी निकाएको भय रहनेछ ।

**कुम्भ:** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्ला । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ ।

**मीन:** महत्वपूर्ण कामको थालनी हुनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । समाजसेवामा मन लाग्ला । शिक्षामा सफलता मिल्नेछ ।

## लेखकहरुमा अनुरोध :

- यदि तपाई आफ्नो लेखन सीपलाई उजागर गर्नका लागि प्रकाशन गर्ने ठाउँ त खोजिरहनु भएको छैन ?
- त्यसो हो भने अब चिन्ता नगर्नुहोस् ।
- आफ्ना सीपयुक्त लेख रचनाहरू हामीलाई उपलब्ध गराउनु होस् ।
- हामी ती रचनाहरूलाई प्रकाशित गर्नेछौं ।

दर्शन दैनिक
कलेज रोड
विराटनगर-१४

## केही महत्वपूर्ण टेलिफोन नम्वरहरु

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिविस मोरङ | ५३६३५३ |
| निर्माण व्य. संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं.क. संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रल | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्वुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ५२२७५७, ५२४४८४ |
| पोहुँरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| लाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी ट्रष्ट धरान | ०२५-५२१६०० |

### दमकल

| | |
|---|---|
| विराटनगर बारूणयन्त्र | ४२०००० |
| इटहरी बारूणयन्त्र | ५८०१०१ |
| धरान बारूणयन्त्र | ५२०१९९ |
| इनरूवा वारूणयन्त्र | ५६०१०१ |
| दमक बारूणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारूणयन्त्र | ०२३-५२०१०१ |

### अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| रंगेली अस्पताल | ५८००४८ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| कोशी नर्सिङ होम | ५२५०७५, ४४०४८८ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्युरो हस्पिटल प्रा.लि | ५२२७५७, ५२४४८४ |
| नोबेल मेडिकल कलेज | ५३८७३५ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गार्ड हस्पिटल | ९७४२०४२३३३ |
| वीपी प्रतिष्ठान, धरान | ०२५-५२५५५५ |

### प्रहरी

| | |
|---|---|
| पुर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (CRV) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लाबारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल जेनियल | ५३०२५० |
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल रत्ना | ५३१५७९ |
| होटल एभरेष्ट ईन | ४७२८४४ |
| होटल नमस्कार | ५२११९९ |
| होटल प्यासिफिक | ४७१०३६ |
| मुन होटल | ५२२९३७ |
| सगरमाथा पार्टी प्यालेस | ५३४४९३ |
| होटल श्री भिन्तुना | ४७२६७२ |
| ड्रागन गेष्ट हाउस | ४७११२९ |
| न्यू होटल गिताञ्जली | ४७२३३५ |
| यति होटल | ५३०५१७ |
| होटल रूविज् इन्टरनेशनल | ४४०९९५ |

स्वास्थ्य समाचार

# कानको संक्रमणमा के गर्ने

बच्चाहरुमा कानको संक्रमण अलि बढी हुनेगर्छ । नुहाउँदा कानमा पानी पस्ने वा आमाको दुध पिउँदा कानमा दुध पस्ने संभावना हुन्छ । यसले उनीहरुको कानमा संक्रमण हुने, पाक्ने गर्छ । कानको सुरक्षामा सर्तक भइयो भने यस्तो समस्या आफै ठिक हुन्छ ।



तर, पछि निरन्तर कान पाक्यो वा कानबाट रगत र पिप निस्कन्छ भने त्यसको उपचार खोज्नुपर्छ । किनभने कानमा संक्रमण भएको अवस्थामा यस्तो लक्षण देखापर्न सक्छ । कानमा चोट लागेको अवस्थामा पनि यो समस्या हुन्छ ।

कानबाट यदाकदा पानी निस्कन सक्छ, त्यो सामान्य मानिन्छ । यसको कारण हो कानबाट मैलो बाहिर निस्कनु । तर रगत र पिप निस्कियो भने त्यसले अनेक समस्याको संकेत गर्छ ।

नुहाउँदा, पौडी खेल्दा कानमा पानी पस्न सक्छ । त्यस्तै जथाभावी कान कोट्याउँदा त्यसभित्र चोट लाग्न सक्छ । यस्ता कारणले कानको संक्रमण हुने संभावना रहन्छ । कानको संक्रमण भएमा कानबाट पानी आउने, चिलाउने, कान सुन्निने वा रगत तथा पिप आउन सक्छ । यस्तो संक्रमण बढ्दै गएपछि श्रवण क्षमता एवं सुन्ने शक्तिमा पनि ह्रास आउँछ ।

कान सफा गरिरहँदा, हवाईजहाजमा यात्रा गर्दा वा पानीको गहिराईसम्म डुबुल्की मार्दा कानमा चोट लाग्न सक्छ र कानको पर्दामा प्वाल पर्न सक्छ । यसको कारणले कानको भित्री भागमा संक्रमण हुँदा कानबाट तरल पदार्थ बग्छ ।

कानबाट तरल पदार्थ के कारणले निस्किएको छ ? सोहि आधारमा त्यसको निदान खोज्न सकिन्छ । संक्रमण, दुखाई र सुन्निने जस्ता लक्षण हुँदा डाक्टरले इयर ड्रप्स, पेन किलर वा एन्टिबायोटिक्स दिन सक्छन् । यसै प्रकारले यदि साना बच्चाहरुलाई ज्वरो वा दुई छ भने चिकित्सकले उनीहरुका लागि इयर ड्रप्स लेख्न सक्छन् ।

यदि कानको पर्दा फुटेका कारण इन्फेक्सन भएको छ भने औषधि सेवन गर्नुपर्ने हुन्छ, जसले कानको प्वाल चाँडै भरिन्छ । यदि प्वाल भरिएन भने डाक्टरले सानो अपरेसन पनि गर्न सक्छन् ।

सावधानी

- कसैको कानमा यदि इन्फेक्सन छ भने उबाट टाढा रहनु पर्छ ।
- नहर वा पोखरीमा तैरिएपछि एन्टिबायोटिक इयर ड्रप्स हाल्ने नगरौं
- कुनै तिखो वा फोहोर वस्तुले कान सफा नगरौं ।
- अत्यधिक हल्लाखल्ला वा पटका पड्किएको बेला इयर प्लग लगाउन नभुलौ ।
- नाक सफा गरिरहँदा बढि जोड नलगाउनुस, यसले कानको पर्दामा असर गर्न सक्छ ।
- कानमा बारम्बार औंला छिराउनुहुन्न ।

# कोभिड–१९ विरूद्ध साझा प्रतिकार्य गर्ने प्रतिवद्धता

काठमाडौं, २५ भदौ । विश्व स्वास्थ्य संगठन (दक्षिण पूर्व एशिया) को ७३ औं क्षेत्रीय समितिको बैठकले कोरोना भाइरस (कोभिड-१९) विरूद्ध साझा प्रतिकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

बुधबार र बिहीबार भएको बैठकले कोभिड-१९ विरूद्ध दक्षिण पूर्वी एसियाका ११ देशले साझा प्रतिकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

बैठकमा सहभागीले क्षेत्रीय स्तरमा स्वास्थ्यका क्षेत्रमा भएका प्रगति तथा चुनौतीमाथि छलफल गरेका थिए । कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण गर्ने रणनीति, आवश्यक स्वास्थ्य सेवा सूचारु राख्ने उपाय र नव सामान्यीकरणतर्फ अगाडि बढ्न सघाउने कदमबारेसमेत विशेष छलफल भएको थियो ।

कोभिडको रोकथाम र नियन्त्रणका लागि हालसम्म अपनाइएका प्रयास तथा चुनौती र आगामी कार्यदिशाका बारेमा एघार देशले आ-आफ्नो अनुभव र योजना आदानप्रदान गरेका थिए । बैठकले स्वास्थ्य जनशक्तिको सुदृढीकरण दशकमा हालसम्म भएका प्रगति तथा चुनौती, क्षमता तथा अवसरको मध्यावधि समीक्षा र स्वास्थ्य सेवामा सर्वव्यापी पहुाच तथा स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्यका दिशामा भएका प्रगति समेटिएको वार्षिक प्रतिवेदन क्षेत्रीय निर्देशक डा. पुनम सिंहले उक्त बैठकका प्रस्तुत गरेका थिए ।

बैठकमा यस क्षेत्रका प्रमुख प्राविधिक विषयमा हरेक देशले आआ^ नो देशमा भए गरेका कार्यको जानकारी दिनुका साथै सुधारका पक्षबारेमा विश्व स्वास्थ्य संगठन र स्वास्थ्य समुदायलाई रचनात्मक सुझाव दिएका थिए ।

प्राविधिक विषयमा शारीरिक सक्रियता र गतिविधिको प्रवर्द्धन गर्ने, रक्सीको हानिकारक प्रयोग घटाउने, औषधीमा सबैको पहुाच सुनिश्चित गर्ने, डेंगू नियन्त्रण गर्ने र मलेरिया, दादुरा तथा रुबेला उन्मूलन गर्ने जस्ता क्षेत्रीय समितिका पूर्व प्रतिवद्धता र निर्णयको कार्यान्वयनका विषयमा समेत छलफल भएको थियो ।

बैठकमा माल्दिभ्सले रूबेला उन्मूलन, म्यानमारले ट्रकोमा नियन्त्रण र श्रीलंकाले रूवेला उन्मूलन तथा आमाबाट नवजात बच्चामा सर्ने एचआईभी उन्मूलन गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो ।

बैठकको अध्यक्षता थाइल्याण्डका उपप्रधानमन्त्री तथा जनस्वास्थ्यमन्त्रीले गरेका थिए भने नेपालका स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले सहअध्यक्षता गरेका थिए ।

थाइल्याण्डमा आयोजना हुनुपर्ने यस बैठकलाई कोभिड महामारीका कारण पहिलो पटक भर्चुअल रूपमा संचालन गरिएको थियो ।

दुई दिन चलेको बैठकमा विश्व स्वास्थ्य स.गठनका महानिर्देशक डा. टेड्रोस अधानोम गेब्रेयेसुस, विश्व स्वास्थ्य संगठन (पूर्व एशिया) का क्षेत्रीय निर्देशक डा. पुनम क्षेत्रपाल सिंह, यस क्षेत्रका ११ सदस्य राष्ट्रका स्वास्थ्यमन्त्री तथा वरिष्ठ स्वास्थ्य अधिकारीको सहभागिता थियो ।

आगामी वर्ष दक्षिण पूर्वी एसिया क्षेत्रको ७४ बैठक सन् २०२१ को सेप्टेम्बरमा नेपालमा आयोजना हुने छ ।

# खसी बेचेरै विस लाख आम्दानी गर्न सफल



रबिन्द्र बराल

रंगेली, २५ भदौ । रंगेली नगरपालिका-८ स्थित दर्वेशा चोक नजिकैमा रहेको साबित्रा कृषि फर्मले खसी बाख्रा उत्पादन गर्ने थालेपछि कारोबारमा वृद्धि हुन थालेको छ ।

पूर्वी क्षेत्रको ग्रामीण भेगमा रहेर अहिले उक्त कृषि फर्ममार्फत मनग्ये आम्दानी लिन सफल भएको छ । पछिल्लो समयमा गाउँ घरका युवाहरु वैदेशिक रोजगारीलाई निरन्तरता दिन थालेपछि गाउँमै बसेर केही गर्ने सकिन्छ भन्ने राम्रो उदाहरण बनेको छ साबित्रा कृषि फर्म ।

साबित्रा कृषि फर्म अहिले वोयर जातका खसी बाख्रा तथा पाठा पाठीको उत्पादनलाई निरन्तरता दिईरहेका छन् । स्थानीयको मागलाई उक्त जातका खसी बाख्रा खरिद बिक्रीका लागि सिन्धुली, स्याङ्जा, सुर्खेतलगायतका स्थानहरु ल्याएर भएपनि आफूहरुले मागलाई सहज बनाउन सफल भएको फर्म संचालक फडिन्द्र सुवेदीले बताए । पछिल्लो समयमा उन्नत जातका खसी बाख्राको माग बढ्न थालेपछि उत्पादन गर्न आफू लागि परेको उनले बताए ।

२०७० सालमा स्थापना भएको फर्मले ५० हजार रुपैंयाको लगानीमा २ बटा बाख्राबाट सुरु गरेका सुवेदीले अहिले २ सयबटा उन्नत जातका बाख्रा पालन गरिरहेका छन् । उनले उक्त खसी बाख्राका लागि ४ बिघा खेतमा उन्नत जातका धाँससमेत लगाएका छन ।

केही महिना अगाडिदेखि खसीको माग आउन थालेपछि उनले पाठा पाठी उत्पादन गर्नुका साथै मासुका लागि खसीसमेत उत्पादन गर्न थालेका हुन । अहिले उनले ३ महिनाको एउटा पाठीको मूल्य न्यूनतम २० हजार प्रति गोटामा बिक्री गर्ने गरेको र खसी केजी ५ सय ५० रुपैंया प्रति किलोका दरले बिक्री वितरण गरेको उनले बताए । वैदेशिक रोजगारीका लागि कतार पुगेर काम गरिरहेका दुई छोरालाई समेत अहिले आ^ नै व्यवसायमा लाग्नका लागि आफूले बाख्रा पालनमा लागेको र दुवै छोरालाई बिदेशी भुमिमा काम गर्नु भन्दा पनि आ^ नै देशमा केही गरौं भन्ने उद्देश्यले व्यवसाय सुरु गरेको बुवा फडिन्द्रले बताए ।

उनका छोरा रमेशले भने आफू समेत ५ बर्ष खाडी मुलुक पुगेर पसिना बगाएको र त्यहाँ भन्दा आ^ नै देशमा केही गर्न सकिन्छ भन्ने बिश्वासका साथ बुबाको पेशामा लागेको उनले बताए ।

अहिले बार्षिक आफूहरुले सम्पूर्ण खर्च काटेर बार्षिक १५ लाखदेखि २० लाखसम्म आम्दानी हुने गरेको उनले बताए । सुवेदीले केही महिना अगाडि तीन महिनामै २२ किलोको खसी उत्पादन गरेर सबैलाई आश्चर्यचकित पारेका थिए ।

*राष्ट्रिय...*

२०७८ जेठ २५ गतेबाट असार ८ गतेसम्म हुने भएको छ । नेपाल राजपत्रमा राष्ट्रिय जनगणना, २०७८ को एकीकृत प्रश्नावली यही भदौ १५ गते प्रकाशित पनि भइसकको छ । राष्ट्रिय जनगणना, २०७८ मा सोधिने प्रश्नावलीमा घर र घरपरिवार सूचीकरण र मुख्य प्रश्नावली सार्वजनिक गरिएको छ ।

पहिलो प्रश्नावलीमा सुपरिवेक्षकले घर तथा घरपरिवार सूचीकरणमार्फत प्रत्येक घर तथा परिवारमा पुगी सम्पूर्ण घरको प्रयोगसहित संख्या, घरको तला, परिवारको बैंक खाता, ऋणमा पहुँच, सरकारी अनुदानमा बनेको घर, व्यवसायिक तथा प्राविधिक शिक्षा वा तालिम, परिवारमा अक्सर बसोबास गरेका परिवारका सदस्य (महिला, पुरुष र अन्य लिङ्गी) संख्या र परिवारको कृषिसम्बन्धी लगायतका विवरणहरु संकलन गरिनेछ । दोस्रो तथा मुख्य प्रश्नावलीमार्फत परिवारिक विवरण र व्यक्तिगत विवरणहरु संकलन गरिने छ ।

पारिवारिक विवरणमा घरको स्वामित्व, घरको संरचना, खानेपानी, शौचालय, बत्तीको स्रोत, खाना पकाउने इन्धन, मृत्युसम्बन्धी, परिवारमा अनुपस्थित विदेश गएका, महिलाको नाममा घरजग्गा तथा साना घरेलु व्यवसाय तथा अन्य घरायसी साधन र सुविधाहरु आदिको विवरण सोधिनेछ ।

त्यसैगरी व्यक्तिगत विवरणमा घरपरिवारका सदस्य तथा व्यक्तिको लिङ्ग, उमेर जातजाति, भाषा धर्म वैवाहिक स्थिति, बालबालिका, अपाङ्गता, बसाइसराइ, प्रजनन्, आर्थिक त्रि्रयाकलापलगायतका विवरणहरु संकलन गरिनेछ । घर तथा घरपरिवार सूचीकरण आगामी २०७८ साल वैशाख २६ गतेदेखि जेठ १४ गतेसम्म २० दिन र मुख्य प्रश्नावली २०७८ जेठ २५ देखि असार ८ गतेसम्म १५ दिन हुने भएको छ ।

त्यस्तै तेस्रो प्रश्नावलीको विवरण सुपरिवेक्षकले प्रत्येक स्थानीय तहका सबै वडा कार्यालयबाट सामुदायिक प्रश्नावलीमार्फत वडास्तरको आधारभूत स्रोत, साधन क्षमता र पूर्वाधारसम्बन्धी विवरणहरु संकलन गर्नेछन् । नेपालमा विसं १९६८ (सन् १९११) मा पहिलो राष्ट्रिय जनगणना भएको थियो । त्यसयता प्रत्येक दश-दश वर्षमा जनगणना हुँदै आएको छ । पछिल्लो पटक सम्पन्न राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार देशको कूल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेको छ ।

पत्रपत्रिका मागेर होइन, किनेर पढ्ने बानी बसालौं

छिटो, छरितो छपाईका लागि सम्झनुहोस् ।
अर्जेन्ट रबर स्टाम्प
कलेज रोड, विराटनगर–१४
फोन नं. ०२१-५३७५३०, ९८४२१८९७९
यहाँ सस्तो, राम्रो बलियो क्वालिटीको नाइलन छाप, रबर छाप, प्रिईक, डिजिटल छाप प्लाष्टिक प्रिन्टका साथै नाइलन ब्लक, कार्टुन प्रिन्टको लागि ब्लक बनाइन्छ, साथै कम्प्युटरसम्बन्धी सम्पूर्ण काम

उपभोक्ताहरुमा अनुरोध:

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्यरुपमा वस्तुको मुल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्ति मिति हेर्ने गरौं।
२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुन: लेबलिङ् गरेको वस्तु वा सामान खरिद नगरौं।
३. वस्तु वा सामान खरिद गर्दा अनिवार्यरुपमा बिल लिने गरौं।
४. अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविकरुपमा बढी मूल्य लिई वा कम तौलका वस्तु बिक्रि गर्नु गैर कानूनी कार्य हो।
५. उपभोग्य वस्तुमा त्स्ता त्रुटीहरु भेटिए पैसा नलाग्ने नम्बर ११३७ मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिन्छ।

"सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

आवश्यक
यस प्रेसका लागि पेजमेकर, कोरल ड्र, फोटोसप, इनडिजाइनिङ्ग गर्न सक्ने अनुभवी कम्प्युटर अपरेटरको तु-आवश्यकता ।
सम्पर्क: सम्झना प्रिन्टिङ
विराटनगर-९

बिराटनगर महानगरपालिका सूचना
■ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
■ छाला भएको मासु नखाऔं बिक्री वितरणमा समेत निरुत्साहित गरौं ।




Bfm 91.2
100 % YOURS
सुन्दै जाउँ
सुनाउँदै जाउँ
संगीत, मनोरञ्जन, खबर
विहान ५ देखि रात्री ११ सम्म निरन्तर
PO Box 204,
Shanti Chowk, Biratnagar-7
T : 021-533 471, F : 021-532 508, info@bfm912.com
विहान ६ बजे, विहान ९ बजे, दिउँसो २ बजे, दिउँसो ४ बजे,
साँझ ६ बजे र रात्री १० बजे BFM बुलेटिन, सुन्न नभुलौं !

विगत ६७ वर्ष देखि ग्राहकको
सन्तुष्टि, विश्वासमा ध्यान दिदैं आएको
गुणस्तरीय फेशन तथा एक दामको पसल
काबरा इम्पोरियम

आकर्षक तथा भारतीय साडी, कुर्ता सुरुवाल, रुबीया, पोपलीन (म्याचिङ सेन्टर), वेडसिट, उनिका कपडा शटिंग, शुटिंगको लागि सधैं सम्झनुहोस् ।
मेनरोड, विराटनगर–१२

DARSHAN DAILY दैनिक दर्शन

मो.जि.का.द.नं.१४३/०५९/६०, पु.क्षे, हु.द.नं. ५/०६७/०६८



# जुट मिलले भुक्तानी नदिएपछि सुरक्षा गार्ड हट्दै

**दर्शन सम्वाददाता**

विराटनगर, २५ भदौ । विराटनगर जुट मिलले लामो समयदेखि सुरक्षा गार्डको भुक्तानी नदिएको कम्पनीले जनाएको छ ।

अर्जुनदृष्टि सेक्युरिटी सर्भिसेज प्रालि बिराटनगरले लामो समयदेखिको १९ लाख ५६ हजार मिलले दिन बाँकी रहेको बिहीबार जनाएको हो ।

सेक्युरिटी कम्पनीले विज्ञप्ती प्रकाशित गरी लामो समयसम्म सेक्युरिटी गार्डको रकम नदिनुका साथै ललाई फकाई तथा धम्की दिनेसमेत गरेको र पैसा दिनेतर्फ चासो नदिएको जनाएको छ ।

सेक्युरिटी कम्पनीले मिललाई बुधबार लिखित जानकारी गराउँदै असोज १ गतेबाट सेवा दिन नसक्ने अवगत गराएको छ। कम्पनीले आफ्नो अवधि २०७७ साउन मसान्तभित्र सकिएको भएपनि मिलको आग्रहमा भदौभर राखिएको जनाएको छ ।

मिलले कम्पनीका ६ जना सुरक्षा गार्डको सो रकम ४ वर्षदेखि बाँकी राखेको संचालक तिर्थराज घिमिरेले बताउनु भयो । कम्पनीले २०७१ देखि सेवा दिँदै आएपनि २०७३ देखि रकम दिन छाडेको घिमिरेले बताउनु भयो । उहाँले बाध्यभएर असोज १ गतेदेखि सेवा बन्द गर्नु परेको बताउनु भएको छ ।

कम्पनीले लिखित रुपमा दिएको निवेदनको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश १ बिराटनगर, सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ बिराटनगर, जिल्ला प्रशासन कार्यालय मोरङलगायतलाई समेत बोधार्थ दिएको छ ।

### *प्लाज्माथेरापीका...*

सोसाइटी र नेपाल मेडिकल एशोसिएसनबीच रगत संकलनमा सहकार्य गर्ने गरी सात बुँदे सम्झौता बुधबार भएको छ ।

रेडक्रसका अध्यक्ष डा. नेत्र तिमिल्सिना र मेडिकल एशोसिएसनका अध्यक्ष डा. लोचन कार्कीले दाताहरुको नाम संकलन गरी प्लाज्मा बैंक स्थापनामा सहकार्य गर्दै अगाडि बढ्ने गरी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको रेडक्रसका सञ्चार निर्देशक दिव्यराज पौडेलले बताए ।

सम्झौताबमोजिम रेडक्रसले प्लाज्मा दानका लागि प्रविधिक जनशक्ति, प्लाज्मा ब्यागलगायत आवश्यक सामग्रीको व्यवस्थापन तथा प्लाज्मा बैंकको स्थापना गर्नेछ ।

त्यसमा चिकित्सक संघले प्लाज्मा संकलनका लागि कोभिड-१९ संक्रमित भई निको भएका नागरिक, चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण संकलन गरी प्लाज्मा दान गर्न सरोकारवाला दातासँग समन्ययनकारी भुमिका निर्वाह गर्नेछ । रेडक्रसको समन्वयनमा प्लाज्मा दान गर्ने दाताको सम्मानका लागि आवश्यक तयारी गरिएको छ ।

कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. २५ का वडाध्यक्ष निलकाजी शाक्यले संक्रमण निको भएकाको खोजी गरी रक्तदानमा उत्प्रेरीत गर्ने बताए । स्थानीय अस्पतालसँगको सहकार्यमा रेडक्रसका सुनसरी, चितवन, भक्तपुर, बुटवल, नेपालगञ्ज, र कैलालीका रक्तसञ्चार सेवाले प्लाज्मा थेरापीको लागि रगत संकलन शुरु गरिसकेकोछ । धनुषा र पोखरामा पनि यस्तो सेवा छिटै थालिने बताइएको छ ।

प्लाज्मा थेरापी उपचारको प्रभावकारिता अहिले पनि अनुसन्धानकै क्रममा रहेको चिकित्सकहरुले बताएका छन् । प्लाज्मा दान गर्दा दातालाई कुनै शारीरिक तथा मानसिक असर नपर्ने चिकित्सक संघले जनाएको छ । संघका अध्यक्ष डा. कार्कीले नागरिकको जीवन रक्षामा संलग्न हुन सरोकारवालालाई आग्रह गरे ।

### *अकूत ....*

दायर गरिएको हो ।

आयोगका अनुसार गुप्ताको वैध आय एक करोड ११ लाख ६९ हजार ९ सय ६२ मात्रै रहेको भएपनि १७ करोड ८४ लाख २६ हजार ४ सय ५९ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ । वैधानिक आयबाट खर्च तथा लगानी घटाउँदा बाँकी रहन आउने १६ करोड ७२ लाख ५६ हजार ४ सय ९६ बराबरको रकमको स्रोत नखुलेको पाइएको छ ।

आयोगले गुप्ताका आफन्तहरु अन्जुकुमारी महतो, उदितनारायाण प्रसाद रौनियार, चन्द्रेश्वर महतो, धिरजकुमार गुप्ता, प्रितीकुमारी गुप्ता, डा. रचनाप्रसाह साह, विकासप्रसाद गुप्ता, विनयकुमार सिंह, विभा रानी, संगिता साह रौनियार र सन्तोषकुमार गुप्ताको नाममा खाता खोली १० करोड ४४ लाख ४३ हजार ७ सय ८३ बराबरको रकम लुकाई छिपाई राखेको पाइएको छ ।

आयोगले उनीहरुको सम्पत्ति जफत गरी हदैसम्मको कारवाहीको माग गरेको छ । यस्तै आयोगले नेपाल खानेपानी संस्थान पोखरा शाखामा कार्यरत प्रशासन सहायक कृष्णहरि वाग्लेले सेवाग्राहीसँग २५ हजार घुस लिएको अभियोगमा बिहीबार पक्राउ गरेको छ । आयोगले वाग्लेलाई पोखरा महानगरपालिका ट्याक्सी चोकबाट पक्राउ गरिएको र अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले जानकारी दिए ।

## श्री रामसीता माध्यमिक विद्यालय

**बर्जु-२, भीमनगर, सुनसरी**

## करार नियुक्ति विज्ञापन सम्बन्धमा

रामसीता माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७७।०५।२५ गतेको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलबमोजिमको पद तह र श्रेणीमा करार (अस्थायी) शिक्षक, प्रशिक्षक पदपूर्तिको लागि तपसिलबमोजिमको विज्ञापनमा नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | श्रेणी | आवश्यक | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०३।२०७७।०७८ | प्रशिक्षक | मा.वि. | तृतिय | १ (एक) | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक उत्तिर्ण वा सो सरह |
| २ | ०४।२०७७।०७८ | प्रशिक्षक | मा.वि. | द्वितिय | १ (एक) | इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातक उत्तिर्ण वा स्नातक उत्तिर्ण र एक वर्ष सम्बन्धित कार्यमा अनुभव प्राप्त |
| ३ | ०५।२०७७।०७८ | शिक्षक | मा.वि. | द्वितिय | १ (एक) | रसायन विज्ञान (Chemistry) विषयमा स्नातकोत्तर उत्तिर्ण वा सो सरह |
| ४ | ०६।२०७७।०७८ | शिक्षक | मा.वि. | तृतिय | १ (एक) | लेखा विषयमा स्नातक उत्तिर्ण वा सो सरह |

- विज्ञापन प्रकाशन मिति : २०७७।०५।२६ गते
- निवेदन दिने अन्तिम मिति : २०७७।०६।०९ गते (डवल दस्तुरको म्याद नभएको)
- नियुक्तिको किसिम: करार (अस्थायी)
- उमेर: १८ बर्ष पूरा गरी ४० बर्ष ननाघेको
- परीक्षाको किसिम : लिखित तथा अन्तरवार्ता
- परीक्षा दस्तुर : ३०००।-
- तलव भत्ता: प्रचलित नियमानुसार
- सम्पर्क मिति: गते २०७७।०६।११ गते
- आवश्यक कागजात : नेपाली नागरिकता प्रमाण पत्र, शैक्षिक योग्यता प्रमाण पत्र, प्रशिक्षक पदको लागि नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्र, शिक्षक पदको लागि अध्यापन अनुमति पत्रको प्रतिलिपिहरु तथा निरोगिता प्रमाण पत्र ।
- परीक्षा मिति: सम्पर्क मितिको दिन तोकिनेछ ।

**सम्पर्क नम्बर: ९८४२०२८०४३, ९८४२०८८३२५, ९८०७०२३०४९, ९८११०८२४६०**




## मुकुनको कवितामा बालापन

कोरोनाका कारण ६ महिनादेखि फिल्म क्षेत्रले विश्राम लिएको छ । फिल्म निर्माणदेखि प्रदर्शनसम्म रोकिदा कलाकारहरु फुर्सदिला भएका छन् । लकडाउन अन्त्य भएपछि म्यूजिक भिडियो र फिल्मको वर्कसपमा व्यस्त भएका कलाकारहरु निषेधाज्ञापछि पुन: घरभित्रै थुनिएका छन् । लामो समयदेखि घरको चारकुनामा सीमित हुँदा उनीहरुलाई अभिनयको तलतल लाग्न थालेको छ ।



कोरोनाको भय र लकडाउनका कारण सुरक्षित रुपमा घरभित्रै बस्नुपर्ने बाध्यकारी समयलाई कलाकारहरुले विभिन्न तरिकाले बेथित गरिरहेका छन् । कोही किताब पढेर वा फिल्म हेरेर दिन काटिरहेका छन् भने कसैले भान्सा छिरेर विभिन्न परिकार बनाउन सिकेका छन् । कतिले सृजनात्मक काम पनि गरेका छन् । लकडाउन र निषेधाज्ञाले केही कलाकारलाई भने कवि बनाएको छ ।

फिल्म 'बुलबुल' मा अभिनय गरेपछि लाइमलाइटमा आएका अभिनेता मुकुन भुषालले निषेधाज्ञामा आफ्नो बालापनलाई सम्झिएर एक कविता लेखेका छन् । बुधवार उनले आफ्नो आधिकारिक फेसबुकमा आफूले लेखेको कविता आफैंले वाचन गरेको एक भिडियो शेयर गरेका छन्, जसमा उनले आफ्नो जस्तै बालापन आफ्नो सन्तानको पनि वितेको हेर्ने इच्छा व्यक्त गरेका छन् ।

'हुकाई' शिर्षकको कवितामा उनले अहिलेका बच्चाहरुमा आफ्नो जस्तो बालापन नभेटेको बताएका छन् । उनको यो कवितालाई सामाजिक सञ्जाल प्रयोगकर्ताले निकै मन पराएका छन् । लकडाउनअघि अभिनेता भुषाल फिल्म 'विक्षेद' को छायांकनमा व्यस्त थिए । यसमा उनको जोडी अभिनेत्री लक्षी वर्देवासाग बाधिएको छ । उनी अभिनीत नयाँ फिल्म 'झिगेदाउ' प्रदर्शनको पखाईमा छ ।




## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

**नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।**

- **राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।**
- **आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।**
- **सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदायलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।**
- **सामाजिक रूपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।**
- **उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।**
- **सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।**
- **समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।**
- **सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।**
- **नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।**
- **संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।**

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**







दर्शन प्रकाशन प्रालिद्वारा प्रकाशित, सम्पादक: शिवबहादुर कार्की
कार्यालय: कलेज रोड, विराटनगर-१४,फोन: ५३५३२६, मो ९८६२१९४७३०, e-mail: dailydarshan009@gmail.com, darshan_daily@yahoo.com मुद्रण: सम्झना प्रिन्टिङ प्रेस, विराटनगर